




PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

eprateekdaily.com








❖ वर्ष ३४ ❖ २०७८ असार २० गते आइतवार // मृत भस्म नबन्दैमा भिःल्को भैकन बल्नुछ // 2021 July 04 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३०६


# डुबानपीडित सय परिवारको उद्धार

प्रस, परवानीपुर, १९ असार/

अविरल वर्षाका कारण वीरगंजका अधिकांश वडा डुबानमा परेका छन्।



डुबान क्षेत्रको अवलोकन र उद्धार कार्यमा जुटेका मेयरलगायत। तस्वीरः प्रतीक

भेडाहा खोला र श्रीसिया खोलामा आएको बाढीले सयौं बिघा जग्गाका साथै विभिन्न गाउँटोल डुबानमा परेका छन्।

वीरगंज महानगरका आधा दर्जनभन्दा बढी वडाका विभिन्न टोल डुबानमा छन्। डुबानको कारण महानगरको वडा नं १ छपकैया, १० रानीघाट, ११ श्रीपुर र ३० को लालपर्साका करीब सय परिवार घरबारविहीन बनेका छन्। उनीहरूलाई सुरक्षाकर्मीको सहयोगमा सुरक्षित स्थानमा सारिएको छ।

वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले घरमा बाढी पसेकोले करीब एक सय परिवारलाई उद्धार गरी वीरगंज–११ स्थित नेपाल राष्ट्रिय विद्यापीठ मावि श्रीपुरमा राखिएको जानकारी गराए। शुक्रवार दिउँसोदेखि उद्धार गरी उनीहरूलाई विद्यालयमा राखिएको हो। महानगरले दैनिक उपभोग्यका सामान उपलब्ध गराएको छ।

घरमा पानी पसेर खाद्यान्न, लत्ताकपडालगायतका सामान नष्ट भएको गाउँलेहरूले बताएका छन। नगरप्रमुख सरावगीले यो खतराको घण्टी भएकोले अबको दुई साता सतर्क रहन नगरवासीमा अनुरोध गरेका छन्। "अहिले नै सबै वडामा पानीको सतह बढेको छ, यसपालि अत्यधिक वर्षा हुने मौसमविज्ञहरूको प्रक्षेपण छ," उनले भने, "यो अहिले टेलर मात्र हो, सबैले समयमैं एकजुट भएर काम गरेनौं भने भयावह अवस्था आउँदैछ।" उनले बाढीले गर्दा हरेक वर्ष अर्बौं मूल्यको भौतिक संरचना एवं धनजनको क्षति हुने गरेको स्मरण गराउँदै सचेत, सतर्क एवं सुरक्षित रहन अपील गरेका छन्।

# रोटरी क्लबको ३४औं पदस्थापन
## मिलेर काम गरौं –नगरप्रमुख सरावगी

प्रस, परवानीपुर, १९ असार/

रोटरी क्लब अफ वीरगंजको ३४औं पदस्थापन समारोह सम्पन्न भएको छ।



तस्वीरः प्रतीक

शुक्रवार राति आयोजित समारोहमा सन् २०२१/२२ को लागि डा शाश्वत प्रसादको अध्यक्षतामा गठित १३ सदस्यीय समितिको पदस्थापन भएको हो।

नवगठित समितिको उपाध्यक्षमा दीपक तुल्स्यान, सचिव मुकेश अग्रवाल, कोषाध्यक्ष डा आनन्दकुमार झा, प्रेसिडेन्ट इलेक्ट पदमा पियुष गुप्ता, डाइरेक्टरहरूमा सञ्जय कुमार, रञ्जेश श्रेष्ठ, अभिषेक चौधरी, अमित गुप्ता, पारस अग्रवाल, निर्मल खत्री र सम्पादकमा सुषमा शर्मा छन्।

त्यसैगरी, क्लबका मनोनीत सदस्यहरूमा वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगी, उद्योगी मनोजकुमार दास, सतीश अग्रवाल, ज्ञानदा एकेडेमीका प्रधानाध्यापक सिबी जदली छन्। कार्यक्रममा नवनिर्वाचित पदाधिकारीहरूले पद तथा गोपनीयताको शपथ लिएका थिए। कार्यक्रममा रोटरी क्लब अफ वीरगंजले अपाङ्गहरूको लागि कृत्रिम खुट्टा बनाउने शिविर सञ्चालन गरेर पर्सा, बारा क्षेत्रमा सराहनीय काम गरेको जानकारी गराइएको थियो। त्यसैगरी, कोरोना महामारीको समयमा पनि वीरगंज महानगरलाई सघाएको, शिक्षा, स्वास्थ्य तथा समाज विकासको लागि अहम् भूमिका निर्वाह गरिरहेकोबारे चर्चा गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि नगरप्रमुख सरावगीले समाज उत्थानको लागि सबैले मिलेर काम गर्नुपर्ने आजको आवश्यकता रहेको बताए। उनले रोटरी क्लबको गरिमा सराहनीय रहेको र आगामी दिनमा पनि कृत्रिम खुट्टा बनाउने अभियानमा आफूले सहयोग गर्ने बताए। उनले वीरगंज महानगरले यसै वर्ष ३२ वडालाई पूर्ण खोप घोषणा गर्न लागेको र सुनौलो हजार दिन तथा गर्भवती महिला र बालबालिका, ज्येष्ठ नागरिकको सुरक्षा तथा स्वास्थ्य केन्द्रित कार्यक्रममा बर्सेनि २५ करोड रुपैयाँ बजेट विनियोजन गरेकोले यसले दिगोरूपमा समाजलाई फाइदा दिने विश्वास व्यक्त गरे।

महानगर प्रमुख सरावगीले ३९ वटा सूचकमध्ये महानगरका आठवटा वडाले उक्त सूचक प्राप्त गरिसकेको र अन्य वडा अझै पाइपलाइनमा रहेको जानकारी गराए।

क्लबका पूर्वअध्यक्ष अरबिन्द खेतानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल चिकित्सक सङ्घ नारायणी, नेपाल पत्रकार महासङ्घ पर्सा, जिल्ला प्रहरी कार्यालय पर्सा, ट्राफिक कार्यालय पर्सा, नारायणी अस्पतालकी नर्स इन्चार्ज हेमा थापा, भवानी अस्पतालका सञ्चालक राम श्रेष्ठ, रोटरी क्लब अफ वीरगंज मेट्रोपोलिसका अनिल जैसवाललगायतलाई प्रशंसापत्र प्रदान गरिएको थियो।

कार्यक्रममा डा अरुणकुमार सिंह, डा उदयनारायण सिंह, प्रहरी उपरीक्षक बेलबहादुर पाण्डे, नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारी, ट्राफिक प्रहरी निरीक्षक सुमन कार्कीलगायतले संस्थागतरूपमा प्रशंसापत्र ग्रहण गरेका थिए। कार्यक्रमको सहजीकरण डा आनन्दकुमार झाले गरेका थिए।

# लागूऔषधविरुद्ध जनचेतनामूलक कार्यक्रम

प्रस, पर्सागढी, १९ असार/

शान्ति सद्भाव मेलमिलाप युवा स्रोत विकास केन्द्र वीरगंज–३१ सोलखपुरको आयोजना तथा वडा नं ३१ को सहयोगमा लागूऔषधविरुद्धको जनचेतनामूलक कार्यक्रम शनिवार सम्पन्न भएको छ। वडाध्यक्ष चुमनदास चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा शान्ति सद्भाव मेलमिलाप स्रोत विकास केन्द्रद्वारा गठित समूहका पदाधिकारीहरूको सहभागिता थियो।

वीरगंज महानगरको ३१ नं वडाका विभिन्न टोलमा नौवटा समूह गठन गरिएको केन्द्रले जनाएको छ। उक्त समूहका प्रतिनिधिहरूलाई शनिवार लागूऔषधविरुद्धको जनचेतनामूलक प्रशिक्षण दिइएको थियो। सो अवसरमा

(बाँकी अन्तिम पातामा)



तस्वीरः नरेश यादव

## छोटकरी

### जयमङ्गलापुरमा आगलागी

प्रस, वीरगंज, १९ असार/

पर्साको छिपहरमाई गाउँपालिका वडा नं ३ जयमङ्गलापुर निवासी बृजकिशोर साहको घरमा शुक्रवार राति आगलागी भएको छ। आगलागीबाट तीनवटा भैंसी जलेर मरेको प्रहरी चौकी बुडगाईले जानकारी दिएको छ।

राति करीब ११ बजे साहको घरमा आगलागी भएको थियो। वर्षात्को कारण बाटो अवरुद्ध भएकोले पोखरियाबाट गएको वारुणयन्त्र भिस्वामा नै रोकिएको थियो। स्थानीय बासिन्दाहरूको सहयोगमा आगो नियन्त्रण लिएको प्रहरीले जनाएको छ। आगलागीबाट अन्न, लत्ताकपडालगायत घरभित्रका सबै सामान जलेर नष्ट भएको छ। आगलागीको कारण भने खुलेको छैन।

# इलाका प्रहरी कार्यालयलगायत दर्जनौं घर डुबानमा

प्रस, निजगढ, १९ असार/

एक हप्तादेखि परेको अविरल वर्षाका कारण बाराको इलाका प्रहरी कार्यालय निजगढसहित दर्जनौं घर डुबानमा परेका छन्। शुक्रवार रातिको पानीले इलाका प्रहरी कार्यालय भवनको तल्लो तला डुबानमा परेको छ।

शनिवार बिहानसम्म कार्यालय परिसरमा ४ फिटभन्दा बढी पानी जमेको थियो।

बिहान करीब ६ बजे राजमार्ग नाघेर पानी आउँदा प्रहरी कार्यालय भवनको तल्लो तला डुबानमा परेको हो। कार्यालय डुबानमा परेको कारण तत्कालै कार्यालय सञ्चालन गर्न कठिन भएको इप्रका निजगढले जनाएको छ।

दैनिक काम गर्नुपर्ने मुद्दा फाट, थुनुवा कोठा, प्रहरी सुत्ने, बस्ने कोठा, भान्सा घर, शौचालयसमेत डुबानमा परेको प्रहरी निरीक्षक शङ्कर चौधरीले बताए।

प्रहरीको सवारीसाधनसमेत बाहिर निस्किन नसक्ने अवस्थामा छ। पानीले कार्यालयको मुख्य गेट भत्काएको छ भने भान्सा घर, शौचालयसमेत डुबानमा परेको छ। कोठाहरूमा पानी पसेका कारण विद्युत् आपूर्ति दिन नसकिने अवस्था छ। परिसरमा रहेका प्रहरी गस्ती भ्यानहरू तत्कालै निकाल्न सक्ने अवस्था छैन।



अविरल वर्षाका कारण शनिवार बिहान इलाका प्रहरी कार्यालय निजगढमा पसेको बाढी। तस्वीरः जीतलाल श्रेष्ठ

डुबान प्रभावित क्षेत्रमा निजगढ नपाले आवश्यकता हेरेर सहयोग गर्ने नगर उपप्रमुख लीलादेवी लामिछानेले बताएकी छन्।

त्यसैगरी, राजमार्ग र भित्री क्षेत्रमा रहेको ६० भन्दा बढी घर डुबानमा परेका छन्। वर्षाको पानी तथा भेल बग्न राजमार्गले अवरोध गरेपछि उक्त क्षेत्रमा डुबान भएको हो। केही स्थानका नालाबाट पानीको निकास भएपनि मुख्य स्थानहरूमा नालाको आकार सानो हुँदा पानीको निकास नभएर घरघरमा पानी पसेको हो।

जथाभावी जग्गा प्लटिङ गर्ने, जमीनको सतह उकास्नेलगायतका अप्राकृतिक कार्य गर्दा र वर्षामा स्वाभाविकरूपमा बग्ने गरेको पानीको निकास व्यवस्थापनमा ध्यान नदिंदा डुबानको समस्या निम्तिएको हो।

वर्षाका कारण निजगढ नगरपालिकाकै वडा नं १०, १२ र १३ सडक सञ्जालबाट विच्छेद भएका छन्। लाल, भक्तलाल, खयर, बुङ्जोर खोलालगायत अन्य आधा दर्जन खोलाखोल्सीहरूमा पुल नहुँदा सो वडाहरू अहिले पूरै सडक सञ्जालसँग सम्पर्कविहीन हुन पुगेका छन्। त्यसैगरी, सिंगौलमा समेत पानीले क्षति पुऱ्याएको छ। वर्षाका कारण खेत डुबानमा पर्दा धान, मकै, केरालगायत अन्य बालीमा समेत क्षति पुगेको स्थानीय कृषकहरूले बताएका छन्।

# केन्द्रीय निर्देशन अनुसार परिचालित हुने पाँच दलको निर्णय

प्रस, वीरगंज, १९ असार/

सङ्घीयसभा विघटनविरुद्ध आन्दोलनरत राजनीतिक दलको बैठक शनिवार वीरगंजमा सम्पन्न भएको छ। जारी आन्दोलनलाई निरन्तरता दिने बैठकले निर्णय गरेको छ। बैठकले सङ्घीयसभा विघटनको विरोधमा एकताबद्ध रहेका पाँच राजनीतिक दलको केन्द्रीय निर्णय अनुसार जिल्ला सङ्गठन पनि अगाडि बढ्ने निर्णय गरेको छ।

त्यसैगरी, यही असार १६ गते सरकारविरुद्ध सडकमा उत्रेका विद्यार्थीमाथि प्रहरीले हस्तक्षेप गरेको भन्दै भर्त्सना गरेको जसपा पर्साका अध्यक्ष रामनरेश यादवले जानकारी दिए।

बैठकमा नेपाली काङ्ग्रेसका जिल्ला उपसभापति प्रकाशकुमार उपाध्याय, नेकपा माओवादी केन्द्रका छोटेलाल यादव, नेकपा एमाले (माधव) समूहका पर्सा अध्यक्ष बालगोपाल थापा, राष्ट्रिय जनमोर्चाका छोटेलाल साह, जसपाका जिल्ला अध्यक्ष रामनरेश यादवलगायतको सहभागिता थियो।


बाढी पस्न सक्ने तथा डुबानमा पर्न सक्ने स्थानहरूमा पूर्व सूचनाप्रणालीको व्यवस्था गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## विचारसार र सूक्तिहरू

**बुद्धिमान हुनको लागि भोलिको प्रतीक्षा न गर ।**

**– कांग्रीव**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# सही प्रवृत्तिबाट सहज निवृत्ति

जबसम्म मनुष्यको चित्त शुद्ध हुँदैन, तबसम्म उसले जसको चिन्तन गर्न चाहन्छ, गर्न सक्दैन र जसको गर्न चाहँदैन, उसको चिन्तन गरिरहन्छ । शक्ति लगाएर गर्दैन । अतः उसको राग नष्ट हुँदैन । यसबाट जुन कालमा ऊ त्यो कर्मबाट निवृत्त हुन्छ, त्यस कालमा पनि उसको अन्तःकरणमा

**जुन समय साधक कर्मविना रहन सक्छ अर्थात् उसलाई न त कुनै काम कर्तव्यरूपले प्राप्त होस् र न कुनै काम गर्नको लागि कुनै प्रकारको क्रियाशक्तिको वेग रहोस्, त्यस समय कर्म गर्नु आवश्यक छैन । कर्म गर्ने कुरा त त्यसै समयको लागि भनिन्छ, जब साधकलाई कर्म गर्न आवश्यक हुन्छ ।**

जुन काम उसले गर्नुपर्छ, त्यो गर्न सक्दैन र जुन गर्न चाहँदैन, त्यही गर्छ ।

यसैले साधकलाई चाहियो कि जुन समय जे काम उसलाई कर्तव्यरूपमा प्राप्त हुन्छ, त्यसलाई गर्न आफ्नो विवेकशक्ति र क्रियाशक्तिलाई पूर्णरूपले लगाएर पूर्ण धैर्य, उत्साह र सावधानीका साथ जुन ढङ्गले गर्नुपर्छ, त्यसरी नै गर्नुपर्छ । त्यो गर्नमा अल्छी गर्नुहुँदैन र हतार पनि गर्नुहुँदैन । हर एक प्रवृत्तिको आरम्भमा यो विचार गर्नुपर्छ कि जुन काम म गर्न चाहन्छु, त्यसबाट कसैको अधिकारको अपहरण त भइरहेको छैन ? त्यो कसैको अहितको कारण त बनिरहेको छैन ? यही सोचेर आफ्नो प्रभुको सेवाको नाताले त्यस कामलाई कुशलतापूर्वक गर्नुपर्छ । यस्तो कुनै काम गर्नुहुँदैन, जसमा भगवान्‌सँग सम्बन्ध छैन, जुन भगवान्‌को आज्ञा र प्रेरणाविरुद्ध हुन्छ ।

प्रकृतिपछि निवृत्ति आउनु अनिवार्य हुन्छ । अतः जुन काम कर्तव्यरूपले प्राप्त हुन्छ, त्यसलाई उपर्युक्त प्रकारबाट पूरा गर्दा निवृत्तिकालमा साधकको चित्तको स्थिरता र आफ्नो प्रेमास्पदमा प्रेमको लालसाको जागृति अवश्य हुन्छ । अनावश्यक सङ्कल्प र व्यर्थ चिन्तन स्वतः शान्त हुन्छ ।

कुनै पनि काम सानो–ठूलो हुँदैन । जुन कामलाई मानिसले साधारण र छोटो भन्छ, त्यो कुशलतापूर्वक ठीक त्यस्तै, जुन भावले गर्नुपर्ने हो, त्यसरी नै गर्दा त्यो साधकको लागि कुनै पनि उत्तमभन्दा उत्तम लाग्ने कामभन्दा कम रहँदैन, किनभने कर्म गर्ने आवश्यकता कुनै प्रकारको फलको कामनाको लागि होइन, तर कर्तामा जुन क्रियाशक्तिको वेग हुन्छ, त्यो पूरा गर्नको लागि हो ।

उक्त भावले कर्म गर्दा कर्तापन र भोक्तापन आफैंमा विलीन हुन्छ । जुन उद्देश्य ठूलठूला साधनबाट कठिनाइका साथ धेरै कालमा पूरा हुँदैन, त्यसको सिद्धि अनायस थोरै समयमा आफैं हुन्छ ।

कर्मको रहस्यलाई नबुझेको कारण साधारण मनुष्य, जे काम जुन समयमा गर्नुपर्छ, त्यसलाई समयमा गर्दैन, एवं जब गर्छ, त्यसलाई बोझ सम्झेर, जसोतसो पूरा गर्ने भावले गर्छ । पूरै नाना प्रकारका व्यर्थ सङ्कल्पको स्फुरणा भइरहन्छ, किनभने उसमा क्रियाशक्तिको वेग बनिरहन्छ अथवा काल आलस्य वा निद्रामा जान्छ ।

मनुष्यजीवनको समय सबै अमूल्य हुन्छ, अतः त्यसको एक क्षण पनि व्यर्थ जानुहुँदैन । उसमा जुन पनि निवृत्तिकाल हुन्छ, जुन समय मनुष्यको अगाडि कुनै योग्य कर्म रहँदैन, त्यो समय त खासरूपमा आफ्नो परम प्रेमास्पद प्रभुको स्मरण–चिन्तन गर्दै उनको प्रेममा डुबिरहनु नै हो । यस्तो मौकामा यदि साधकको चित्तमा अनावश्यक सङ्कल्प र व्यर्थ चिन्तन आइरहन्छ वा तमोगुणको वृद्धि भएर त्यो समय जडतामा व्यतीत हुन्छ भने यसभन्दा ठूलो दुःख दिने भूल अरू के हुन सक्छ ? यसैले साधकलाई जुन कर्म कर्तव्यरूपले प्राप्त हुन्छ, त्यसलाई भगवान्‌को नाता, उनको आज्ञा र प्रेरणा अनुसार उनले दिएको शक्तिको कुशलतापूर्वक प्रयोग गरेर गर्दै जानुपर्छ । जसरी–जसरी साधक प्राप्त कर्तव्यलाई ठीकठाक पूरा गरिरहन्छ, त्यसरी नै उसको समस्त प्रवृत्ति निवृत्तिमा परिणत हुन्छ ।

जुन काम जसरी गर्नुपर्छ, त्यस प्रकार धैर्य र उत्साहपूर्वक सावधानीले गरिएन भने त्यसको परिणाम स्वास्थ्यको लागि तथा समाज र देशको लागि पनि हितकर हुँदैन । यस दृष्टिले साधकले हरेक काम, चाहे त्यो खानपानसम्बन्धी साधारण होस्, चाहे परिवार, समाज, देशसँग सम्बन्धित होस्– सही ढङ्गले गर्नुपर्छ ।

जुन समय साधक कर्मविना रहन सक्छ अर्थात् उसलाई न त कुनै काम कर्तव्यरूपले प्राप्त होस् र न कुनै काम गर्नको लागि कुनै प्रकारको क्रियाशक्तिको वेग रहोस्, त्यस समय कर्म गर्नु आवश्यक छैन । कर्म गर्ने कुरा त त्यसै समयको लागि भनिन्छ, जब साधकलाई कर्म गर्न आवश्यक हुन्छ ।

सही प्रवृत्ति भएपछि सहज निवृत्ति स्वतः प्राप्त हुन्छ । सहज निवृत्ति जसरी स्थायी र स्थिर हुँदै जान्छ, त्यसरी नै मनमा स्थिरता, हृदयमा प्रीति र विचारको उदय आफैंमा हुन्छ, जुन कि मानवको माग हो ।

# कोरोना कहरबाट मुक्ति कसरी ?

समयान्तर




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**हाम्रो मूल चासो मास्क फ्री गर्नु वा अनिवार्य गर्नुभन्दा पनि ती देशले कोरोना महामारीको सामनामा कस्ता उपाय अपनाएर मास्क नलगाए पनि हुने मनस्थितिमा पुगे भन्ने चाहिं मननीय विषय हो । कोरोनाको पहिलो लहरमा नसोचेको क्षति भोगेका देशले रणनीतिकरूपमैं तयारी गरेर दोस्रो लहरबाट कमभन्दा कम क्षतिबाट निकास पाए ।**

केही दिनयताका समाचारमाध्यमहरूलाई हेर्दा कोरोना महामारीको दोस्रो लहर क्रमशः मत्थर हुँदै गएको भान हुन्छ । महामारी मत्थर हुँदै जाँदा प्रतिकार्यका पूर्वतयारीहरूले भने विश्राम लिनुहुँदैन । हामीले महामारीको अघिल्लो लहरबाट थुप्रै पाठ सिकेका थियौं । मानवीय क्षतिका हिसाबले खासै असर नदेखाएको त्यो लहरले देखाएका पाठहरूलाई बेवास्ता गर्दा दोस्रो लहरले निकै घातक परिणाम दियो ।

सत्तामा बसेकाहरूलाई त सत्ता खेलबाहेक जनताको जीवनबारेमा खासै मतलब नहोला । सरकारका निकायहरू अहिले पनि दैनिक करीब ५० जना मानिसको मृत्यु र दुई हजारभन्दा बढी सङ्क्रमितको सङ्ख्या गनेर बसिराखेका छन् । 'कोरोनाले यति असर गर्ला भन्ने नसोच्दा क्षति नियन्त्रणबाहिर' गएको प्रधानमन्त्रीको अभिव्यक्तिको स्मरण मात्र पनि महामारीसित लड्न पूर्वतयारीको अवस्था आकलनका निम्ति पर्याप्त हुन सक्दछ ।

विश्वका कैयौं देश अहिले पनि दोस्रो लहरले आक्रान्त छन् । तेस्रो लहरका कुराहरू आइराखेका छन् । तेस्रो लहर कति बेला फैलिने हो भन्ने त्रास कायम छ । यसबीचमा केही देशले भने कोरोना नियन्त्रणमा सफलता प्राप्त गरिरहेका छन् । कति देश यस्ता पनि छन्, जसले आफ्नो देशलाई मास्क फ्री घोषणा गरेका छन् । उनीहरूले आफ्नो देशमा कसरी कोरोनालाई नियन्त्रणमा लिएर मास्क फ्री दिनचर्या सम्भव तुल्याए, हामीजस्ता सीमित स्रोत साधन र असीमित बेथितिका बीचमा कोरोनासँग सङ्घर्ष गरिरहेका देशका लागि यो सन्दर्भ उपाय हुन सक्दछ ।

विश्व स्वास्थ्य सङ्गठनले कोरोना महामारीसँग लड्न मास्क प्रयोगलाई अनिवार्य भनेको छ । कोरोना नियन्त्रणमा उदाहरणीय काम गरेका केही देशले आफ्नो दिनचर्यालाई मास्क फ्री घोषणा गरेका छन् । यस्ता कदम विवादमुक्त भने छैनन् । कतिपय देशले मास्क फ्री घोषणा गरेको केही दिनमैं मास्क लगाउन आह्वान गरेका घटनावली पनि छन् ।

तथ्य के पनि हो भने ती देशले कोरोना महामारी नियन्त्रणमा प्रभावकारी उपाय अपनाएकै कारण मास्क नलगाए पनि दैनिकी चल्न सक्दछ भन्ने विश्वास जागेको हो । हामीले ती देश जसरी मास्क नलगाउने घोषणा नगरे पनि कोरोनालाई परास्त गर्न के कस्तो उपाय अपनाए भन्ने अनुसरण गर्न नसक्ने कारण छैन ।

भुटान हाम्रो सबैभन्दा निकट देश हो, जसले कोरोना भाइरस नियन्त्रणमा उल्लेखनीय काम गरेको छ । भारत र चीनसँग सिमाना जोडिएको भुटान दक्षिण एशियाकै सबैभन्दा कम सङ्क्रमित भएको देश हो । अहिलेसम्म भुटानमा एक हजार सात सयजना मात्रै सङ्क्रमित भएको सञ्चारमाध्यमले बताएका छन् । तीमध्ये एक हजार चार सयभन्दा बढी मानिस निको भइसकेका छन् ।

भुटानमा अहिलेसम्म एकजनाको मात्रै कोरोना सङ्क्रमणबाट ज्यान गएको छ । भुटानले कोरोना नियन्त्रण गर्नुको मूल कारण त्यहाँको सरकारले कोरोनाविरुद्धको खोप अभियानलाई प्रभावकारी बनाउनु हो । भुटान सरकारले अहिलेसम्म ९० प्रतिशत जनतालाई कोरोनाविरुद्धको दुवै मात्रा खोप दिइसकेको छ । त्यहाँ दुई हप्तामैं खोप अभियान सकिएको थियो । अधिकांश नागरिकले खोपको दुवै मात्रा लगाएकाले त्यहाँ मास्क लगाउनुपर्ने बाध्यता छैन ।

भुटान मास्क फ्री घोषणा गर्ने पहिलो देश पनि हो । स्मरण हुन्छ, भुटान गएका एक विदेशी नागरिकमा पहिलोपटक कोरोना पुष्टि भएको थियो । कोरोना देखिएलगत्तै त्यहाँका प्रधानमन्त्री नै कन्टयाक्ट ट्रेसिङका लागि अस्पताल–अस्पताल चहारेका थिए । त्यहाँको सरकार जनताको स्वास्थ्यप्रति कति संवेदनशील छ भन्ने यसले देखाउँछ । हामीकहाँका प्रधानमन्त्री भने त्यसै समय कोरोना केही होइन भन्दै संसद्मा उभिएर बेसार पानीको प्रवचन दिइराखेका भेटिन्थे । हामीले कोरोना महामारीबाट निकास नपाउनुको मूल कडी नै यही हो ।

कोरोना भाइरस उत्पत्ति भएको उत्तर छिमेकी चीनले नियन्त्रणमा उदाहरणीय काम गऱ्यो । त्यहाँ अहिलेसम्म सङ्क्रमित मानिसको सङ्ख्या ९१ हजार छ । तीमध्ये ८६ हजार निको भइसकेका छन् । कोरोनाबारे अन्योल र आलोचनाका बीच सुरुआतमा नियन्त्रणमा निकै सकस खेपेको चीनले अहिले आफ्ना एक अर्बभन्दा बढी नागरिकलाई खोप दिइसकेको छ । बाहिरबाट आउनेलाई खोपको दुवै मात्रा लिएको प्रमाण अनिवार्य गरेको चीनले कोरोनामाथि नियन्त्रण पाएर आफ्नो देशलाई मास्क फ्री गरेको छ । कोरोनाको दोस्रो लहरमा ठूलो क्षति बेहोरेको दक्षिण छिमेकी भारतले खोप अभियानलाई तीव्र पारेको छ । सन् २०२१ को अन्त्यसम्ममा सबै नागरिकलाई खोप निश्चित गर्ने योजनामा अघि बढेको छ ।

कोरोनाको पहिलो लहरमाथि नियन्त्रण कायम गर्ने न्युजिल्यान्ड पहिलो देश थियो । दोस्रो लहरमा सकस भोगेको न्युजिल्यान्डका केही शहरमा अहिले विनामास्क हिंड्डुल गर्न पाइन्छ । अमेरिका पनि मास्क फ्री देश हो । पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको शैलीले पहिलो लहरमा निकै ठूलो मूल्य चुकाएको अमेरिका अहिले सम्हालिइसकेको छ । राष्ट्रपति जो बाइडेनले खोप अभियानलाई तीव्रता दिएका छन् । खोप अभियानको आक्रामक विस्तार नै त्यहाँ दोस्रो लहर नियन्त्रणबाहिर नजानुको कारण मानिएको छ । त्यहाँका कतिपय शहरमा अहिले मास्क अनिवार्य छैन ।

कोरोनाको पहिलो लहरमा यसलाई हल्कारूपमा लिएर गम्भीर क्षति भोगेको इटालीले पनि दोस्रो लहरलाई सहजै नियन्त्रणमा लियो । इटालीले अनिवार्य खोप नीति अघि सारेर कोरोना नियन्त्रणमा लिएको हो । इटालीका २० राज्यमा अहिले मास्क नचाहिने भइसकेको छ । पहिलो लहरमा गरेका गलती सच्याएर रोकथाम अभियान चलाएकाले यो सम्भव भएको हो ।

प्यालेस्टाइन र इजरायलबीचको आन्तरिक युद्ध चलिराख्दा पनि इजरायलले कोरोना नियन्त्रणमा प्रभावकारी अभियान चलाएको सञ्चारमाध्यमहरूले बताएका छन् । त्यहाँ १२ देखि १५ वर्ष उमेर समूहलाई पनि खोप लगाइसकिएको छ । १५ जूनदेखि इजरायलमा मास्क फ्री गरिएको थियो । तर सङ्क्रमण बढेपछि पुनः अनिवार्य गरिएको छ । जर्मनी तथा अस्ट्रेलियाले अनिवार्य मास्क लागू गरेका छन् । यो सावधानीको पाटो हो ।

हाम्रो मूल चासो मास्क फ्री गर्नु वा अनिवार्य गर्नुभन्दा पनि ती देशले कोरोना महामारीको सामनामा कस्ता उपाय अपनाएर मास्क नलगाए पनि हुने मनस्थितिमा पुगे भन्ने चाहिं मननीय विषय हो । कोरोनाको पहिलो लहरमा नसोचेको क्षति भोगेका देशले रणनीतिकरूपमैं तयारी गरेर दोस्रो लहरबाट कमभन्दा कम क्षतिबाट निकास पाए । कोरोनाको उद्गम चीन र चीनसँग सिमाना जोडिएको भुटानमा दोस्रो लहरको असर नै सुनिएन/पढिएन ।

दोस्रो लहरमा अनपेक्षित सकस भोगेको भारतमा अहिले महामारी नियन्त्रणको क्रममा छ । उसले खोप कार्यक्रमलाई तीव्र गतिमा अघि बढाएको देखिन्छ । दैनिक लाखौं जनतालाई खोप दिइराखेको छ । हामी भने प्रत्येक महामारीका सकसलाई बिर्सिंदै उदासीन बनिराखेका छौं । खोपको पुगनपुग चार करोड मात्रा भित्र्याउन सरकारलाई महाभारत परिराखेको छ ।

जनताले किनेर लगाउँछु भन्दा पनि खोप पाइराखेको छैन । अहिलेसम्म जम्माजम्मी ४१ लाख मात्रा खोप भित्रिएको सरकारी तथ्याङ्क छ । त्यसमा पहुँचवालाहरूको मनोमानीका बेथिति अर्को विडम्बना बनेको छ । साढे १३ लाख ज्येष्ठ नागरिक खोपको दोस्रो मात्राको पर्खाइमा छन्, कहिले पाउने टुङ्गो छैन । पहिला एकथरी खोपको पहिलो मात्रा लगाएका उनीहरू अर्को मात्रा कहिले र के लगाउने भन्ने अन्योलमा छन् । सङ्क्रमणको दृष्टिले उच्च जोखिममा रहेको यो उमेर समूहका नागरिकप्रति सरकार हदैसम्म गैरजिम्मेवार देखिएको छ । सरकारले कोरोनाविरुद्धको खोपको उपलब्धतालाई प्राथमिक कार्यभारमा राखेर त्यस अनुसारको पहल प्रयासलाई अघि नबढाउने हो भने हामी सम्भावित तेस्रो लहरमा पनि नसोचेको क्षति भोग्न अभिशप्त हुनेछौं ।

# महामारीजन्य रोग नियन्त्रणका लागि सरोकारावाल निकायबीच अन्तर्क्रिया

प्रस, वीरगंज, १९ असार/

महामारीजन्य रोगको लागि सरोकारवाला निकायसँग रोकथाम तथा नियन्त्रणका लागि अन्तर्क्रिया कार्यक्रम शनिवार सम्पन्न भयो । स्वास्थ्य कार्यालय पर्साद्वारा नारायणी अस्पतालमा आयोजित कार्यक्रम स्वास्थ्य कार्यालय पर्साका प्रमुख नवलकिशोर साहको सभापतित्वमा भएको थियो ।

पर्साका निमित्त प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलको मुख्य आतिथ्यमा सम्पन्न कार्यक्रमको सहजीकरण जनस्वास्थ्य निरीक्षक जयमोद ठाकुरले गरेका थिए । जिल्लास्थित १४ वटै पालिकाका स्वास्थ्य संयोजकहरूको सहभागिता रहेको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी, एनजिओसिसीलगायत स्वास्थ्यसम्बन्धी सहयोगकर्ता सङ्घसंस्थाहरूका प्रतिनिधिहरूको सहभागिता थियो ।

कार्यक्रमका सहभागीहरूलाई महामारी रोग नियन्त्रणसम्बन्धी डा उदयनारायण सिंहले प्रशिक्षण दिएका थिए । सो अवसरमा पालिकास्तरमा गठित द्रुत प्रतिकार्य समितिलाई समुदायस्तरमा पुऱ्याउने र पालिकाहरूको अवस्थाबारे स्वास्थ्य प्रमुखहरूले प्रतिवेदन प्रस्तुत गरेका थिए ।



अन्तर्क्रियामा छलफल गर्दै सहभागीहरू । तस्वीरः प्रतीक

# मनसुनको कम प्रभाव रहने

काठमाडौं, १९ असार/रासस

देशभर हाल मनसुनी वायुको सक्रिय प्रभाव तथा तराई भूभागनजीक मनसुनी न्यूनचापीय रेखा रहेकाले केही दिनयता देशका अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ । उक्त मौसमी प्रणालीको प्रभावले विगत तीन दिनदेखि देशभर सामान्यदेखि पूर्ण बदली रहनाका साथै सबैजसो भूभागमा हल्कादेखि मध्यम तथा केही क्षेत्रमा भारी वर्षा भएको छ ।

मनसुनी वायुको प्रभाव कहिलेसम्म रहन्छ भन्ने यकीन जवाफ मौसमविद्‌सँग पनि छैन । केही दिनदेखिको निरन्तर वर्षा र बदलीले देशका कतिपय क्षेत्रमा प्राकृतिक विपत्ति तथा मानवीय क्षतिका दुःखद घटना पनि भए । पछिल्लो तीन दिन लगातार बदली र वर्षा भयो, कतिपय क्षेत्रमा भारी/थोरै वर्षासमेत भएको छ ।

यसै सन्दर्भमा मनसुनी प्रभाव र मौसम सुधारका सवालमा राखिएको जिज्ञासामा जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका मौसमविद् विभूति पोखरेलले अघिल्ला दिनको तुलनामा मनसुनी वायुको कम प्रभाव रहने तर मनसुनी वायुको प्रभाव कमजोर मात्रामा भएपनि केही दिन रहिरहने बताइन् । उनले भनिन्, "मनसुनी वायुको सक्रिय प्रभावले तीन दिनयता निरन्तर वर्षा र कतिपय स्थानमा भारी वर्षासमेत भएको छ, अबका दिनमा पनि मौसममा कहिले सुधार आउँछ भनेर यकीन भन्न सकिने अवस्था नरहेको र अघिल्ला दिनको तुलनामा मनसुनको कम प्रभाव हुने विश्लेषण गरिएको छ ।"

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# साउदी अरबले युएई, इथियोपिया, भियतनामबाट आउने यात्रुलाई प्रवेश नदिने

रियाद, १९ असार/एएनआई

साउदी अरबले कोरोना भाइरसको महामारी नियन्त्रणका लागि भन्दै छिमेकी मुलुकहरू संयुक्त अरब इमिरेट्स (युएई), इथियोपिया र भियतनामका नागरिकलाई प्रवेशमा अनिश्चितकालका लागि प्रतिबन्ध लगाएको स्थानीय सञ्चारमाध्यमले उल्लेख गरेका छन्।


तस्वीरः सिन्हवा

साउदी अरबको राज्य सञ्चालित संस्था एसपिएले सरकारी अधिकारीलाई उद्धृत गर्दै भनेको छ, साउदी अरबबाट विदेश जान चाहने आफ्ना नागरिकलाई भने आधिकारिक सरकारी निकायबाट अनुमति पाएपछि मात्र यी देशहरू भ्रमण गन पाउनेछ। नयाँ प्रतिबन्धहरू आइतवार रातिदेखि लागू हुनेछन्।

विश्व स्वास्थ्य सङ्गठनले मार्च ११, २०२० मा कोभिड–१९ को महामारीको घोषणा गरेको थियो। त्यसपछि विश्वका धेरै देशले कोभिड–१९ नियन्त्रणका लागि भन्दै स्वदेशी तथा विदेशी आवागमनलाई कडा पारेका छन्।

हालसम्म विश्वभरिका १८ करोड ३० लाख १० हजारभन्दा बढी मानिस कोरोना भाइरसबाट सङ्क्रमित भइसकेका जोन्स हप्किन्स विश्वविद्यालयले पुष्टि गरेको छ। यस क्रममा साउदी अरबमा अहिलेसम्म चार लाख ९० हजारभन्दा बढी मानिस कोभिड सङ्क्रमित भएका छन् भने सात हजार ८०० भन्दा बढीको कोभिड सङ्क्रमणपछि मृत्यु भएको छ।

यसैबीच, संयुक्त अरब इमिरेट्स (युएई)ले परराष्ट्र मन्त्रालय र राष्ट्रिय प्रकोप तथा विपद् व्यवस्थापन प्राधिकरणले यात्राको मौसम शुरू भएपछि नागरिकहरूले कोभिड–१९ सम्बन्धी सबै सावधानी र रोकथामका उपायहरू पालना गर्नु आवश्यक रहेको बताएको ‘द एक्सप्रेस ट्रिब्युन’ले लेखेको छ।

युएईको नागरिक उड्डयन प्राधिकरणले एक सूचनामार्फत लाइबेरिया, नामिबिया, सियरा लियोन, प्रजातान्त्रिक गणतन्त्र कङ्गो, युगान्डा, जाम्बिया, भियतनाम, भारत, बङ्गलादेश, श्रीलङ्का, नाइजेरिया र दक्षिण अफ्रिका तथा नेपालबाट हुने उडान जुलाई २१ को राति १२ बजेसम्मका लागि हवाई यात्रामा प्रतिबन्ध लगाइएको जानकारी गराइएको हो। यो प्रतिबन्ध कार्गो उडान, व्यापारिक तथा चार्टर उडानहरूलाई बाध्यकारी नहुने बताइएको छ।

युएईका अधिकारीहरूले युएईका नागरिकहरूलाई उनीहरूको यात्राको क्रममा कोभिड–१९ सङ्क्रमण पुष्टि भएमा देशले लागू गरेको सबै निर्देशन तथा स्वास्थ्य नियमहरूको पालना सुनिश्चित गर्नका लागि अलग्गै बस्नुपर्ने बताएका छन्। रासस

# कोभिसिल्ड खोप लगाएकालाई युरोपेली सङ्घले मान्यता नदिने

ब्रसेल्स, १९ असार/सिन्हवा

युरोपेली सङ्घले कोरोना भाइरसविरुद्धको खोप लगाएकाहरूलाई यात्रा गर्न दिने व्यवस्था गर्न लागेको छ।

सङ्घले सबै खोप लगाएकालाई भने मान्यता दिन नसकिने शुक्रवार सङ्केत गरेको छ। सङ्घको चिकित्सासम्बन्धी कार्यालयले भारतमा बनाइएको कोभिसिल्डलगायतका केही खोप लगाएकाहरूलाई भने विश्वास गर्न नसकिने जनाएको छ।

चिकित्सा कार्यालयले कोभिसिल्डलाई विश्वास नगरेपछि युरोपेली सङ्घले पनि उनीहरूलाई युरोप प्रवेश गर्न अनुमति नदिन सकिने निष्कर्ष निकालेको छ।

युरोपेली चिकित्सा कार्यालयले युरोपेली आयोगलाई समेत भारतमा बनेको खोप लगाएकाहरूलाई युरोप प्रवेशमा अनुमति नदिन सिफारिश गरेको छ।

अमेरिका, बेलायत र युरोपेली मुलुकहरूमा बनाइएको खोप लगाएकाहरूलाई मात्रै युरोप प्रवेशका लागि अनुमति दिएमा मात्रै युरोपमा कोरोना भाइरसको सङ्क्रमण थप फैलिन कम हुने उनीहरूको भनाइ छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – खर्चवृद्धि |
| मिथुन – धनलाभ | कर्कट – कर्मप्राप्ति |
| सिंह – आलस्य | कन्या – रोगभय |
| तुला – व्यापारवृद्धि | वृश्चिक – कडाश्रम |
| धनु – कार्यनाश | मकर – भयचिन्ता |
| कुम्भ – मित्रमिलन | मीन – धनखति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## वर्गीकृत विज्ञापन








# किसान क छाती पे हात है

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

**जीविकोपार्जनको लागि घाम, वर्षा र चटचाङको परवाह नगरी कृषकको पसिना खेतमा बगिरहेको हुन्छ। ‘तीन दिन से मेघ हो रहल है, किसान क छाती पे हात है,’ विभिन्न प्राकृतिक कारणले बाली नष्ट हुँदा किसानको हृदयमा कति पीडा हुँदोरहेछ भन्ने कुरा शब्दमार्फत वर्णन गरेर साध्य छैन।**

“देह पर पाकी के छिटकी नु परता, लव से बिया पासाह ना बबुओ।” जीउमा हिलोका छिटा परिरहेको छ। बिस्तारै बेर्ना सार न बाबु भन्दै ‘रोपाहार’ (धान रोप्ने महिला)हरूले भन्ने गर्दछन्। ठूलाबडाको देखासिकी गर्दै केटाकेटीले पनि सानै उमेरदेखि कृषिकार्य सिक्छन्। खेतमा बेर्ना ओसार्दै र हिलोसँग पौंठेजोरी गर्दै कृषिसम्बन्धी गुणहरू नवपुस्तामा अङ्कुरित हुन्छन्। बाल्यावस्थामा श्रमिकहरूसँगै खेतमा ‘पनपियाइ/जलखइ’ (खाजा) खाने आतुरता बढी हुन्छ। बिस्तारै उमेर बढ्दै जान्छ। अभिभावकत्वसँगै खेतीकिसानीको जिम्मेवारी अघिल्लो पुस्ताबाट पछिल्लो पुस्तामा हस्तान्तरण हुन्छ।

हिजो खेतको हिलोमा रमाउने लालाबालाले पछि अभिभावकत्वसँगै कृषिका समस्याहरू प्रत्यक्ष अनुभूति गर्छन्। कहिले बीउको समस्या हुन्छ। कहिले मलको समस्या हुन्छ। कहिले बाढीको सन्त्रास त कहिले खडेरी आदिको भयले सताइरहन्छ। यद्यपि विभिन्न समस्याका बावजूद किसान हरेस खाँदैनन्। कर्तव्यपथमा निरन्तर अगाडि बढिरहन्छन्। अन्न किसानलाई मात्र आवश्यक पर्दैन। अपितु राजनीति तथा सत्ता वा पदाधिकारी तथा कर्मचारी आदि जुनसुकै ओहोदा/पेशासँग आबद्धता भएपनि अन्नविना जीवन बाँच्न सकिँदैन। जीवनमा सरेह र खेत कति अहम् छ भन्ने कुरा कसलाई थाहा नहोला। आज जुन ओहोदा र गरिमा प्राप्त छ, त्यसको पृष्ठिभूमि खेत र खलियान नै हो भन्ने कुरा कसरी बिर्सन सकिन्छ ?

आर्थिक वर्ष वा शैक्षिक वर्षझैं किसानको लागि असार महीना ‘धानवर्ष” नै हो भन्नुपर्छ। बाली राम्रो भए मात्र किसानको श्रम खुशीमा परिणत हुन्छ। अन्यथा हृदयमा चोट पुग्छ। मन रुन्छ। बाढी, पहिरो वा खडेरीको पीर, भय र त्रास तथा कृषि सामग्रीको अभावबीच पनि आफूलाई सन्तुलित राख्ने क्षमता किसानमा मात्र हुन्छ। यस वर्ष प्रदेश २ का अधिकांश जिल्लामा वर्षा र बाढीका कारणले दुईपटक धानका बेर्नामा क्षति भइसकेको छ। कतिपय किसानले ब्याडमा तेस्रोपटक बेर्ना छरेको अवस्थामा अहिले पुनः वर्षा, बाढी र पहिरोको सामना गर्नुपरिरहेको छ।

गत असार १५ गते १८औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव २०७८ “धान उत्पादनमा वृद्धिः खाद्य सुरक्षा, आत्मनिर्भरता र समृद्धि’ भन्ने नाराका साथ मनाइयो। किसानहरूलाई खेत रोप्ने चटारो रहेका बेला धान दिवस मनाइन्छ। कतै बाढीले क्षति त कतै खडेरी परेको बेला किसानहरूलाई धान दिवसको उत्सव कतिको रमाइलो लाग्दो होला ? विचारणीय छ। अहिले तीन दिनदेखि परिरहेको अविरल वर्षाले कृषि कार्यलाई प्रभावित तुल्याएको छ। सरेह जलमग्न छ। खेतका गराहरू पानीले भरिभराउ छन्। खेतका आलीहरू पानीले छोपिएका छन्। धान रोप्नको लागि तयार धानका बेर्ना गल्ने अवस्थामा छन्। के यी पीडाहरू माझ राष्ट्रिय धान दिवसले किसानलाई खुशी पार्न सक्ला ? अन्नले भकारी भर्ला ? वर्षभरि खानलाई पुग्ला ? यावत् प्रश्नहरू विद्यमान छन्।

यस वर्ष असार १५ मा धान दिवस तथा रोपाइँ दिवस मनाइरहँदा प्रदेश २ मा कति प्रतिशत धान रोपाइँ भएको छ ? एकपटक यो विषय पनि जान्न जरुरी छ। कृषि विभागले २०७८ असार १५ गते सार्वजनिक गरेको तथ्याङ्क अनुसार प्रदेश २ को धनुषा जिल्लामा १२ प्रतिशत, पर्सा र बारामा ११ प्रतिशत तथा रौतहट, सप्तरी, सिराहा, महोत्तरी र सर्लाहीमा १० प्रतिशत मात्र धान रोपाइँ भएको छ। औसतरूपमा यस वर्ष प्रदेश २ मा धान रोपाइँ असार १५ गतेसम्म जम्मा १०.५५ प्रतिशत भएको छ। अतः ८९.४५ प्रतिशत रोपाइँ बाँकी रहेको अवस्थामा धान दिवसको सार्थकता केवल सरकारी उत्सवको रूपमा सीमित छ भन्नुपर्दा कुनै अतिशयोक्ति नहोला।

धान दिवसको अवसरमा हैसियतवाला व्यक्तित्वहरू एक दिनको लागि हिलाम्य खेतमा पस्छन्। धान रोप्छन्। किसानहरूलाई उत्साहित पार्ने


हरिशङ्कर राउत यादव, पर्सा


भिखारी पासवान, बारा


रामकिशोर महतो, सर्लाही

काम प्रशंसनीय छ। यद्यपि धान दिवसको दिनबाहेक ती व्यक्तित्वहरू खेतमा देखा नपर्नु विडम्बना हो। सरकारबाट पाउने सुविधामा टाठाबाठा र बिचौलियाको हालीमुहाली रहन्छ। सामान्य किसान वर्ग बीउ, मल, सिंचाइ, कृषि सामग्रीलगायत सहुलियत ऋण आदि सुविधाबाट उहिले पनि वञ्चित थिए र आज पनि खासै फरक देखिएको छैन। कृषि क्षेत्रमा केवल बजेट छुट्ट्याएर फड्को मार्न सकिँदैन। कृषि प्रणाली सुधार तथा किसानलाई अनुभूति हुने गरी सरकारी र राजनीतिक तदारूकता आवश्यक छ।

**पनपियाइ**

वर्षात्मा भ्यागुताहरूको टर्रटर्रयुक्त ध्वनिले सरेह गुञ्जायमान हुन्छ। हल, गोरु तथा किसान खेतमा हुन्छन्। पम्पियाइ/जलखइ (खाजा)मा भुजा (मुरी) वा रोटी, नून, खुर्सानीसँगै आँप वा खुर्सानीको अचार दिइन्थ्यो। जनताको मत पाएर सिंहासनमा बसेर विभिन्न व्यञ्जनका स्वाद नेताहरूले प्राप्त गरे जस्तै किसानको भोजन हुँदैन। तीन दशकअघि बनिहारी (ज्याला) तीन किलो धान वा गहुँ थियो। बिडरिया (धानको बेर्ना उखेल्ने मानिस), हल वा कोदालो चलाउने श्रमिकको ज्याला महिला श्रमिकभन्दा एक किलो बढी थियो।

धानको बीउ उखेल्दा वा रोपाइँ गर्दा घाम र वर्षाबाट जोगिनको लागि विभिन्न उपक्रम प्रयोग गरिन्थ्यो। जस्तै ‘खोपी, छतरी, मेघडमर’ आदि प्रयोग गरिन्थ्यो। पर्सा, बारा र रौतहटमा खेतमा खाइने खाजालाई ‘पनपियाइ/पनपियाव’ भनिन्छ। त्यस्तै, पूर्वका जिल्लाहरूमा ‘जलखइ’ भनिन्छ। पनपियाइलाई अर्थ्याउँदा ‘पन’ अर्थात् पानी र ‘पियाइ/पियाव’ अर्थात् पिउनु हो। त्यस्तै, ‘जल’ अर्थात् पानी र ‘खइ’ अर्थात् खानु हो। स्थान अनुसार पनपियाइ र जलखइ भने पनि दुवैको अर्थ खाजा खानु हो।

कडा घाममा परिश्रम गर्ने किसानलाई तिर्खा बढी लाग्छ। खाली पेटमा पानी खानुहुँदैन भन्ने उहिलेको मान्यता आजको वैज्ञानिक दृष्टिकोणले समेत सही छ। त्यसैले पनपियाइ/जलखइ वा खाजा खाएपछि टन्न पानी खाइन्छ। खेतमा परिश्रम गर्ने किसान/ज्यामीलाई नून र खुर्सानी हुनैपर्छ। शारीरिक परिश्रम गर्ने मानिसलाई तीतो र तीखो खानेकुरा बढी मनपर्छ। खाजा खाएपछि दुवै हात जोडेर आफूतिर भएको भाग ओठमा टाँसेको हुन्छ भने अघिल्लो भागमा लोटाको पानी गिराइन्छ। त्यसरी पानी खाँदा कतिपयले एक सासमा एक लोटा वा एक जग पानी खाने गर्छन्। मनभरी पानी खाइसकेपछि हृदयभित्रबाट जुन ‘आह’ शब्द निस्किन्छ, त्यस्तो आत्मसन्तुष्टि महलहरूमा बस्ने मानिसहरूका लागि सपना जस्तै होला भन्नुपर्छ।

प्रदेश २ का केही किसानहरूसँग भएको संवाद यहाँ प्रस्तुत छ।

**हरिशङ्कर राउत यादव, पर्सा**

“पूर्वइ देशवा से, अरे बहे रे बेयरिया, रे पछिम के ओरी,” यो झुमर गीत हो। वीरगंज महानगरपालिका–२७ उदयपुर घुर्मीका हरिशङ्कर राउत यादवले यस्ता थुप्रै झुमर गीतको अस्तित्व लोप हुन लागेको बताउँछन्। उनले यो गीत गाइरहँदा अति रमाइलो महसूस भइरहेको थियो। यस्ता गीत धेरै छन्। लोकगीतसँगै बिडारमा धानको बेर्ना उखेलिन्छ। असार महीनामा बिडरिया र रोपाहारको लर्को सरेहतर्फ जान्छ। बिडरियाले बीउ उखेल्छन्। रोपाहार चाहिं खेत रोप्छन्। झुमरलगायतका स्थानीय भाकामा आधारित थुप्रै गीत छन्। गीत गाउँदै खेतमा काम गरिन्छ। रमाइलोसँगै कृषि कार्य पनि भइरहन्छ। महिलाहरूले शिवभोले, कृष्ण, गणेश भगवान्सँग सम्बन्धी लोकगीत गाउँदै खेत रोप्छन्। धेरै पहिले त छाता छँदै थिएन। छाता धेरैपछि आएको हो। उहिले वर्षा र घामबाट बच्नको लागि खोपी र छतरी आदि प्रयोग गरिन्थ्यो। ‘दशगण्डी से एक पसेरी बनिहारी दियाए, मतलब आजके किलो से अढाई किलो भइल।’ खेतमा धेरै मेहनत गर्नुपर्छ। त्यसअलावा प्राकृतिक अपदाको त्रास पनि उत्तिकै हुन्छ। भकारीमा अन्न पुगिसकेपछि मात्र किसानको मन हर्षित हुन्छ। अहिले तीन दिनदेखि परिरहेको अविरल वर्षाले चिन्ता बढाएको छ।

**भिखारी पासवान, बारा**

पानी भरे चलले जोगिरवा, गङ्गा हे जमुना बहे

ए हो माता गे, भैंसुरवा बटिया रे बल रोके

घाट छोरू बाट हे छोरू, हो माता भैंसुर कहे

हे झिसिए रे फुहिए, सारी मोरा भिंजे

बारा जिल्लाको कोल्हवी नगरपालिका–१० बरेवाका भिखारी पासवानले बताएको लोकभाकामध्येको उपरोक्त गीत एक हो। उनको बुझाइमा अहिले ती लोकभाकाका गीतहरू विलीन हुने अवस्थामा छन्। स्थानीय लोकभाकासँगै बिडरिया र रोपाहारलाई ऊर्जा प्राप्त हुन्छ। स्थानीय लोकभाका गाउँदै महिलाहरू खेत रोप्ने काममा व्यस्त हुन्छन्। असारमा रोपनीको शुभारम्भ भएर साउनको पहिलो हप्तासम्म खेत रोपिसक्नुपर्छ। रोपनीको मौसममा यस्तो लाग्छ कि सिङ्गो गाउँ नै सरेहमा पुगिसकेको छ। धान रोप्नुभन्दा अघि धार्मिक परम्परा अनुसार खेतमा पूजापाठ गरेर रोप्ने कार्य शुभारम्भ गरिन्छ। बीउ, मल र सिंचाइ आदि सहज उपलब्ध हुने हो भने खेतीपाती राम्रो हुनुका साथै विदेशबाट अन्न कहिल्यै मगाउनुपर्दैन।

**रामकिशोर महतो, सर्लाही**

“जन सबके जलखइ क बेर भे गेलै, जलखइ ल के जो, बौवा गे।” ज्यामीहरूको खाजा खाने बेला भइसक्यो। खाजा लिएर जाऊ बाबु, हजुरबुबा/बुबाले भन्नुहुन्थ्यो। सर्लाहीको ईश्वरपुर नगरपालिका–२ राइटरखोरका रामकिशोर महतो बाल्यकालमा हजुरबुबा/बुबाले अऱ्हाउने बित्तिकै खाजा लिएर उफ्रिंदै खेतमा जान्थे। अहिले म पनि छोराछोरीलाई भन्ने गर्छु, “बौवा गे, जन सके लागि जलखइ ल के जो, हम खाद (मल) ल के अबै छि।”

बाल्यावस्थादेखि नै खेतीपातीसँग पौंठेजोरी गर्दै खेतीपातीको अनुभव भएको हो। आज खेतीपातीको जिम्मेवारी सम्भाल्दै आएको छु। कुनै वर्ष खडेरी पर्छ। कुनै वर्ष बाढीले बगाउँछ। खेत रोपाइँ नहुँदै कहिले पानीको अभावले त कहिले बाढीले धानको बेर्ना नष्ट हुन्छ। कहिले विविध रोगका कारणले रोपेको धानमा राम्ररी बाला लाग्दैन। उब्जनी कम हुन्छ। कृषि कार्य हरेक प्रकारले जोखिमपूर्ण छ। यद्यपि बीउ, मल, सिंचाइ र कीटनाशक औषधि आदिको पर्याप्त आपूर्ति भएमा प्रदेश २ राष्ट्रको अन्नभण्डारको रूपमा स्थापित हुन सक्छ।

सरेह अन्नभण्डार हो। किसान अन्नदाता हुन्। किसानको लागि खेत नै सबै थोक हो। जीवनकालमा कैयौंपटक बाढी र खडेरी देखेको छु। प्रत्येक वर्ष वर्षात्मा वाग्मती नदीमा बाढी आउँछ। बाढीले धनजनको क्षति गर्नुका साथै कृषिबाली पनि नष्ट हुन्छ। जीविकोपार्जनको लागि घाम, वर्षा र चटचाङको परवाह नगरी कृषकको पसिना खेतमा बगिरहेको हुन्छ। ‘तीन दिन से मेघ हो रहल है, किसान क छाती पे हात है,’ विभिन्न प्राकृतिक कारणले बाली नष्ट हुँदा किसानको हृदयमा कति पीडा हुँदोरहेछ भन्ने कुरा शब्दमार्फत वर्णन गरेर साध्य छैन।


तस्वीरः ओमप्रकाश चौधरी

## जीराभवानीमा राहत वितरण

प्रस, सेढवा, १९ असार/

जीराभवानी गाउँपालिका वडा नं १ पिपराका बाढीपीडितहरूलाई शनिवार दुईवटा संस्थाले राहत सहयोग गरेका छन्। वीरगंज जेसीज र हन्ड्रेड्स ग्रुपले १२ घरपरिवारलाई सहयोग गरेका हुन्।

जेसीजले खाना पकाउन ग्यास र चुलो, सर्फ तथा नुहाउने साबुन सहयोग गरेको छ। त्यसैगरी, हन्ड्रेड्स ग्रुपले प्रतिपरिवार एक बोरा चामल, खानेतेल, चिउरा, त्रिपाल, बाल्टिन, जग, सेनेटरी प्याड वितरण गरेको छ।

राहत वितरण कार्यक्रममा वीरगंज जेसीजका अध्यक्ष रञ्जन राउत, पूर्वअध्यक्ष शेखर चौधरी, महासचिव अजय चौधरी, सदस्य अनोज चौधरी, सामाजिक अभियन्ता प्रकाश थारू, थारू पत्रकार सङ्घ नेपाल पर्साका अध्यक्ष ओमप्रकाश चौधरी, थारू मेलमिलाप परिवारका अध्यक्ष मनोज चौधरी, हन्ड्रेड्स ग्रुपपका अनिल कुमारले मन्तव्य व्यक्त गरेका थिए।


लकडाउन खुकुलो भएपछि वीरगंज घण्टाघरमा सवारीको पखाईमा बसेका रिक्साचालक। तस्वीरः राधेश्याम पटेल

# एसबिआई बैंकका कर्मचारी आन्दोलनमा

प्रस, वीरगंज, १९ असार/

नेपाल एसबिआई बैंक लिमिटेड वीरगंज आदर्शनगर शाखाका कर्मचारीहरूले कार्यालय समयपछि विरोध प्रदर्शन गरेका छन्।




अन्तर्राष्ट्रिय श्रम सङ्गठन अभिसन्धि १९४९ (नं ९८)को नागरिकको मौलिक हक तथा श्रम ऐनको मर्मविपरीत बैंक, बीमा तथा वित्तीय संस्थाका कर्मचारीहरूको 'राइट टु अर्गनाइज एन्ड कलेक्टिभ बार्गेनिङ'को हक कुण्ठित हुनेगरी योगदानमा आधारित सामाजिक सुरक्षा योजना ल्याएको भन्दै सोको विरोधमा प्रदर्शन गरिएको वीरगंज शाखाका कर्मचारी नवीन ओझाले बताए।

उनले भने, "पाँच वर्ष काम गरेपछि, अब काम गर्न मन छैन वा कुनै परिस्थितिवश काम गर्न सकिएन र रोजगारदाताबाट छुट्टिंदा सामाजिक सुरक्षा कोषमा जम्मा गरेको सञ्चयकोषको रकमसमेत फिर्ता चाहेको खण्डमा एकमुस्ट किन नपाउने ? यसअलावा आगामी आव २०७८/७९ को साउन महीनादेखि सेवामा आउने कर्मचारीले ३० वा ४० वर्ष जुनसुकै उमेरमा स्वेच्छिक अवकाश लिए पनि जम्मा भएको रकम प्राप्त गर्नको लागि ६० वर्ष पुग्नै पर्ने प्रावधान गलत हो।"

बैंक कर्मचारीहरूले पहिलेदेखि खाइपाइ आएको सेवासुविधा घटने र तीन दशक लामो सङ्घर्षबाट प्राप्त उपलब्धि कुण्ठित हुने भएकोले कर्मचारीहरूले बाध्य भई आन्दोलन गर्नुपरेको अर्का कर्मचारी राजीव भट्टराईले बताए। उनले भने, "नेपाल वित्तीय संस्था कर्मचारी सङ्घले विगत दुई वर्षदेखि उठाएका विषयहरू योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, विनियम र कार्यविधिमा रहेका अमिल्दा व्यवस्थाहरू संशोधन नगरी बलजफ्ती ल्याइकोले हामी बाध्य भएर आन्दोलनमा उत्रेका छौं।"

### लागूऔषधविरुद्ध....

लागूऔषध, सामाजिक अवस्था, लागूपदार्थ दुर्व्यसनमा फस्नुका कारण, असर तथा प्रभावहरू, लागूऔषध नियन्त्रण र उपचारको लागि गर्नुपर्ने प्रयास जस्ता विषय कार्यक्रममा सम्पन्न भएको थियो।

सहभागीहरूलाई नारायण चापागाई, मिथिलेश महतो, अशोक सिंह, रेजा अहमदले प्रशिक्षण दिएका थिए।

# कोशीमा पानीको बहाव बढ्दै, सप्तरीका ५ सय घर डुबानमा

राजविराज, १९ असार/रासस

विगत केही दिनयता लगातारको वर्षाका कारण पानीको सतह बढ्ने क्रममा रहेको कोशी नदीमा शनिवार बिहान यो वर्षको हालसम्मकै उच्च बहाव मापन गरिएको छ।


तस्वीरः फाइल

आज बिहान ९ बजे गरिएको मापन अनुसार कोशी ब्यारेजमा दुई लाख ३१ हजार ५१५ क्युसेक पानीको बहाव छ। यसअघि शुक्रवार राति १२ बजे एक लाख ५५ हजार ७७५ क्युसेकभन्दा बढी पानीको बहाव मापन गरिएको ब्यारेजस्थित नियन्त्रण कक्षले जनाएको छ।

नदीमा पानीको बहाव बढ्दो क्रममा रहेकाले कोशी ब्यारेजका ५६ मध्ये २८ वटा ढोका खुला गरी पानीलाई निकास दिइएको छ। नदीमा पानीको बहाव बढिरहेकाले आसपास क्षेत्रका बासिन्दालाई सतर्कता अपनाउन स्थानीय प्रशासनले सूचित गरेको छ। पानीको बहाव बढ्दो क्रममा रहेकाले ब्यारेजमा खतराको सङ्केतस्वरूप रातो बत्ती बालिएको छ।

उच्च हिमाली तथा पहाडी क्षेत्रमा निरन्तर भइरहेको वर्षाका कारण कोशीमा मिसिने सहायक नदी तथा खोलामा समेत बाढी आउँदा यस नदीमा पानी बहाव शुक्रवार रातभरमा २४ हजार नौ सय ९५ क्यूसेकले बढेको हो। वर्षा हुने क्रम अझै जारी रहेकाले जलस्तर अरू बढ्ने अनुमान गरिएको छ।

**पाँच सय घर डुबानमा**

लगातारको वर्षा भएपछि सप्तरीको विभिन्न पालिकाका ५ सयभन्दा बढी घर डुबानमा परेका छन्। हनुमाननगर कङ्कालिनी नगरपालिकामा सप्तकोशी नदीको सिपेजको पानी र वर्षाको पानीको निकास नहुँदा तीन सयभन्दा बढी घर डुबानमा परेका छन्। उक्त नगरपालिकाको वडा नं ९, १०, ११ र १२ का करीब तीन सय घर डुबानमा परेको नगरप्रमुख शैलेशकुमार साहले जानकारी दिए।

त्यस्तै, त्रियुगा, अमहा, टेड्ग्रा, गङ्गाजली र सतरापतरा नदीको पानी बस्तीमा पस्दा सप्तरीको सप्तकोशी नगरपालिकाको वडा नं १, २, ३ र ४ का करीब दुई सय घर डुबानमा परेको नगरप्रमुख उत्तम गौतमले जानकारी दिए। उनका अनुसार त्रियुगा नदीले वडा नं २ को सिद्धिपुर र वडा नं ३ को सखुवानीमा तटबन्ध कटान गरिरहेको छ।

## सप्तरीको आधा दर्जन गाउँ बाढीको उच्च जोखिममा

केही दिनदेखि लगातार वर्षा भएपछि आएको बाढीले सप्तरीको दक्षिणी क्षेत्रका आधा दर्जन गाउँ डुबानको उच्च जोखिममा परेका छन्।

बाढीका कारण तिलाठी कोइलाडी, लोनियाँ, सकरपुरा, रम्पुरामल्हनीयासहित आधा दर्जन गाउँ डुबानको उच्च जोखिममा रहेको तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतीश सिंहले जानकारी दिए। चुरे क्षेत्र हुँदै बग्ने खाँडो नदीको बाढीले प्रत्येक वर्ष सप्तरीको दक्षिण भेगका अधिकांश गाउँ डुबान र कटानमा पर्ने गरेको उनले बताए। नदीमा पानीको बहाव बढिरहेकाले आसपास क्षेत्रका बासिन्दालाई सतर्कता अपनाउन पनि उनले आग्रह गरे।

खाँडो नदी तटबन्धको काम केही ठाउँमा अधूरो रहेकाले कुनै पनि बेला बाढी तिलाठी कोइलाडीमा आउन सक्ने र गाउँपालिकाका अधिकांश घर डुबानमा पर्न सक्ने जोखिम रहेको स्थानीयवासीको भनाइ छ।

त्यस्तै, महुली, जिता, त्रियुगा, बलान, अमाहा, सुन्दरीलगायत दर्जनौं खोलामा आउने बाढीले हरेक वर्ष सप्तरीका अधिकांश गाउँ डुबानमा पर्दा ठूलो धनजनको क्षति हुने गरेको पाइएको छ। यस्तै, सप्तरीको सप्तकोशी, कञ्चनरूप, हनुमाननगर कङ्कालिनी, राजविराज नगरपालिकाका साथै अग्निसाइर कृष्णासवरण, महेदवा, तिरहुत, रूपनी गाउँपालिकाका दर्जनौं गाउँबस्ती प्रत्येक वर्ष वर्षाको समयमा बाढी आउँदा डुबानमा पर्ने गरेको पाइएको छ।




# लगातारको वर्षाले तरकारीखेती सखाप

महोत्तरी, १९ असार/रासस

लगातारको वर्षाले तरकारी बाली गालेपछि महोत्तरीका किसान पिरोलिएका छन्। भर्खरै लगाइएका भदौरे तरकारीका बेर्ना, सागसब्जीका बिरुवा र लहरे तरकारी बाली लगातारको वर्षाले गालेर नोक्सान गरेपछि तरकारीखेती गर्ने किसानको पिरलो बढेको हो।

बारीमा भन्टा, खुर्सानी र अरू तरकारीका बोट वर्षाको पानीले सोत्तर बनाएको छ। त्यसैगरी, रायो, लट्टे (ठडिया) र अन्य सागका बिरुवा लतारिएका छन्। घिरौंला, झिउनी, लौका, चिचिन्डा, काँक्रो, परवल र रेलासहितका तरकारीका लहरा पनि लगातारको पानीले गलाएर पहेंलिएका छन्। असार लागेदेखि परेको पानी र पछिल्ला चार दिनयताको निरन्तरको वर्षाले यसपालि बर्खे र भदौरे दुवै (भदौदेखि उत्पादन दिने) तरकारीखेतीबाट हात धुने अवस्था बनेको किसानको दुःखेसो छ। महोत्तरीका सबैजसो भेगमा गत मङ्गलवारदेखि लगातार पानी पर्दै आएको छ।

"तरकारीका बेला (लहरा) पानीले गलाएर पहेंलिएका छन्, तरकारीका बोट पानीले सोत्तर बनाएर लडाएको छ," जिल्लाको भङ्गाहा नगरपालिका-४ रामनगरका किसान गङ्गाराम महतो भन्छन्, "खेतबारी गिलिएर जोतखन र गोडमेल गर्न नसकिने भएको छ, अब तरकारीबाट आस मर्‍यो।" सधैंजसो भदौपछि लगालगी पर्ने चाडपर्वलाई लक्षित गरी लगाइने तरकारीखेती यसपालि लगातारको वर्षाले गलाएपछि तरकारीको हाहाकार नै हुने र मूल्य आकाशिएर सर्वसाधारण उपभोक्ताले किनेर खाने स्थिति नरहने महतोसहितका किसानको भनाइ छ।


तस्वीरः फाइल

लगातारको वर्षाले तरकारी बाली खेतबारीमैं गलाएपछि किसान पिरोलिनेसँगै बजारमा तरकारीको मूल्य आकाशिएको छ। किसानका खेतबारीमा तरकारी नभएपछि उपभोक्ता पनि महँगाइको मारमा परेका छन्। लगातारको वर्षाले हातमुख जोर्ने काम अत्यन्त महँगो भएको सर्वसाधारण उपभोक्ता बताउँछन्। महोत्तरीका १५ स्थानीय तहका कार्यालयहरूको आँकडा अनुसार जिल्लामा १० हजार हेक्टर क्षेत्रफलमा तरकारीखेती लगाइँदै आइएको देखिन्छ।

लगातारको वर्षाले जिल्लाका ग्रामीण सडक मात्र नभएर मुख्य सडक नै हिलाम्य भएका छन्। बर्दिबास-रामगोपालपुर-जलेश्वर, सम्सी-लोहारपट्टी-जनकपुर, जलेश्वर-रौजा-बर्दिवास र अन्य धेरै सडकमा हिलो जमेर साना सवारीसाधन पनि चल्न सकेका छैनन्।

तरकारी बाली र सडक यातायातमा असजिलो बढे पनि असार मध्यसँगैको वर्षाले खेतका गह्रा टन्न भरिंदा पानी थामिएपछि धान रोप्न पाइने किसानको आस छ। तर यसअघि रोपिएको रोपो पानीले गलाउने र अबको रोपाइँका लागि बीउ अपुग हुन सक्ने चिन्ताले किसान पिरोलिएका छन्। जिल्लामा करीब ५० हजार हेक्टर क्षेत्रफलमा धानखेती गरिने भनिए पनि मौसमको प्रतिकूलताले यसपालि अहिलेसम्म एक चौथाइ रोपाइँ पनि हुन सकेको छैन। हिउँदे धान भने साउन तेस्रो सातासम्म रोप्न सकिने हुँदा आत्तिहाल्नुपर्ने गरी समय नसिद्धिएको कृषि ज्ञान केन्द्र, महोत्तरीका विज्ञले बताए।


**स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी**

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं। - फूटपाथमा जथाभावी पसल नराखौं। - मास्क र पञ्जा प्रयोग गरौं।
- अनावश्यक भीडभाड नगरौं। - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं। - वन-वे, टु-वे नियम पालना गरौं। - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं। - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं।

